धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाइबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३४१ ◆ २०८३ असार १३ गते शनिबार, Saturday, June 27, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## अठार लाख बराबरको ड्रागन फ्रुटको कारोबार

बागमती। हेटौंडामा जारी त्रिदिवसीय ड्रागन फ्रुट महोत्सवमा रु १८ लाखभन्दा बढीको कारोबार भएको छ ।

स्थानीयस्तरमा उत्पादित ड्रागन फ्रुटको प्रवर्द्धन, बजार व्यवस्थापन तथा यसको स्वास्थ्य लाभबारे उपभोक्तालाई जानकारी गराउने उद्देश्यका साथ बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा उपमहानगरपालिका र प्रादेशिक कृषि थोक बजारद्वारा संयुक्त रूपमा महोत्सव आयोजना गरिएको हो ।

महोत्सव सुरु भएको दुई दिनमा रु १८ लाखभन्दा बढीको कारोबार हो । शनिबारसम्म सञ्चालन हुने महोत्सवको पहिलो दिन तीन हजार ५०० किलो र दोस्रो दिन चार हजार ५०० किलो ड्रागन फ्रुट बिक्रीबाट उक्त रकम बराबरको करोबार भएको हेटौंडा उपमहानगरपालिका कृषि विकास शाखा प्रमुख प्रदीप रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार महोत्सवमा हेटौंडा, मकवानपुरगढी लगायत स्थानबाट किसानले बगैंचाबाट सङ्कलन गरेका ताजा तथा प्राङ्गारिक ड्रागन फ्रुटको प्रदर्शनी र बिक्री गरिरहेका छन् ।

महोत्सवका अवसरमा ड्रागन फ्रुटको नयाँ खेती गर्न इच्छुक किसानका लागि माटोको तयारी, बिरुवा रोपन, स्याहारसम्भार तथा रोग व्यवस्थापन सम्बन्धी निःशुल्क प्राविधिक परामर्श सेवासमेत प्रदान गरिएको छ ।

हेटौंडा र आसपासको हावापानी ड्रागन फ्रुटखेतीका लागि उपयुक्त देखिएको भन्दै सहभागी किसानले महोत्सवले उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष सम्पर्क स्थापित गराएको बताएका छन् । महोत्सवले स्थानीय कृषि उत्पादनको बजारीकरणसँगै कृषि पर्यटन प्रवर्द्धन र स्थानीय अर्थतन्त्र सुदृढीकरणमा समेत सकारात्मक योगदान पुर्‍याउने विश्वास लिइएको छ ।

## मन्त्रालयद्वारा शासकीय सुधारका ३२ कार्य सम्पन्न

काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सरकारको शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची अन्तर्गत ३२ वटा कार्य सम्पन्न गरी त्यसको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएको छ ।

उद्योगमन्त्री गौरिकुमारीले कार्ययोजनाअन्तर्गत तोकिएका कार्य समयअगावै सम्पन्न गरी विस्तृत प्रतिवेदन प्रधानमन्त्री वालेन्द्र शाहलाई बुझाउनुभएको हो । कार्ययोजनाले निर्दिष्ट गरेका नीतिगत सुधार, औद्योगिक वातावरण सुधार, प्रभावकारी सेवा प्रवाह, लगानीमैत्री वातावरण सृजना, उद्योग प्रशासनलाई चुस्त बनाउने तथा मन्त्रालयका प्राथमिकतामा रहेका विभिन्न कार्यक्रम कार्यान्वयन गरिएको उद्योग मन्त्रीको सचिवालयले जनाएको छ । सरकारप्रति जनविश्वास बढाउने, सुशासनलाई संस्थागत गर्ने तथा परिणाममुखी कार्यशैली स्थापित गर्ने उद्देश्यका साथ मन्त्रालयले आफ्ना कामलाई तीव्र बनाएको उद्योग मन्त्रीको भनाइ छ । कार्ययोजनामा घोषणा गरिएका कार्यक्रम समयमै सम्पन्न गर्न, सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन तथा जनताले प्रत्यक्ष अनुभूति गर्ने परिणाम दिन प्रधानमन्त्री शाहले निरन्तर निर्देशन दिँदै आउनुभएको छ ।

## सवारी दुर्घटना न्यूनीकरण गर्न १६ लाख बढीलाई ट्राफिक सचेतना

कास्की । गण्डकी प्रदेशमा सवारी दुर्घटना र त्यसबाट हुने मानवीय क्षति कम गर्नका लागि ट्राफिक प्रहरीले सचेतना कार्यक्रम सञ्चालन गरेको छ ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पोखराले प्रदेशका ११ वटै जिल्लामा दुर्घटना न्यूनीकरण र मानवीय क्षति कम गर्न विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको हो ।

विद्यार्थी स्वयंसेवक कार्यक्रम, चालक अनुशिक्षण, सार्वजनिक सवारी साधनको यान्त्रिक परीक्षण तथा सडक प्रयोगकर्तामाझ 'स्टप, लुक एन्ड क्रस' अभियान तथा एक विद्यालय एक ट्राफिक शिक्षक कार्यक्रम सञ्चालन गरिएको ट्राफिक व्यवस्थापन कार्यालय पोखराका प्रमुख एवं प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेले जानकारी दिनुभयो ।

उहाँका अनुसार चालू आवको जेठसम्म ट्राफिक सचेतना कक्षा, समुदाय साझेदारी कार्यक्रम तथा ट्रायल सेन्टरमै नयाँ चालकलाई दिइने सचेतनामूलक प्रशिक्षणमार्फत १६ लाख ४६ हजार ५४० जना प्रत्यक्ष लाभान्वित भएका छन् । "दुर्घटना न्यूनीकरण, ट्राफिक सचेतना अभिवृद्धि तथा आधुनिक ट्राफिक व्यवस्थापन प्रणालीको विकासका लागि सबै पक्षको सक्रिय सहभागिता आवश्यक छ । यसबाट मात्र बढ्दो सवारी दुर्घटनाका कारण हुने मानवीय तथा भौतिक क्षति कम गर्न सहयोग पुग्छ", प्रहरी उपरीक्षक काफ्लेले भन्नुभयो ।

कार्यालयका अनुसार चालू आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म प्रदेशभर भएका ४१६ सवारी दुर्घटनामा २३० जनाले ज्यान गुमाएका छन् । पछिल्ला वर्षहरूमा दुर्घटनाको सङ्ख्या र त्यसबाट हुने क्षति उच्च रहँदै आएको छ । आर्थिक वर्ष २०८०/८१ मा ३९५ दुर्घटनामा १७७ जनाको मृत्यु भएको थियो भने २०८१/८२ मा ३८२ दुर्घटनामा २३७ जनाले ज्यान गुमाएको बताइन्छ ।

प्रदेशका जिल्लामध्ये सबैभन्दा बढी दुर्घटना नवलपरासीमा भएका छन् । पूर्वपश्चिम राजमार्ग पर्ने उक्त जिल्लामा ११४ दुर्घटना भएका छन् । कास्कीमा १०९, तनहुँमा ७३, गोरखामा २५, पर्वतमा २०, बाग्लुङमा १९, स्याङ्जामा १६, म्याग्दीमा १४, मुस्ताङमा छ र मनाङमा दुई दुर्घटना भएका छन् ।

# लिफ्ट प्रणालीमार्फत रसुवामा सिँचाइ सुविधा विस्तार

*प्रत्यूष समाचारदाता*

रसुवा । गत वर्षको असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीले क्षति पुर्‍याएको बेतेगौँडा सिँचाइ आयोजना लिफ्ट प्रणालीमार्फत पुनःसञ्चालनमा आएपछि उत्तरगया गाउँपालिकाका किसान लाभान्वित भएका छन् ।

उत्तरगया गाउँपालिका-५ स्थित त्रिशूली नदीबाट खनिएको बेतेगौँडा, पहिरेबेँसी कैदलटार सिँचाइ आयोजना बाढीका कारण अवरुद्ध भएपछि सो क्षेत्रमा निर्माणाधीन ३७ दशमलव तीन मेगावाट क्षमताको माथिल्लो त्रिशूली-३ 'बी' जलविद्युत् आयोजनाले पानी तान्ने उपकरण उपलब्ध गराएको हो । बाढीले तीन सय मिटरभन्दा बढी भूभाग क्षति पुर्‍याएको थियो ।

उक्त उपकरणको सहायताले पहिरेबेँसी, कैदलटारलगायत क्षेत्रका हजारौँ रोपनी खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको उत्तरगया गाउँपालिका-४ का वडाध्यक्ष अम्मरबहादुर बुलुनले जानकारी दिनुभयो । बेतेगौँडा सिँचाइ आयोजना तत्कालीन सार्वजनिक निर्माण शाखाअन्तर्गत रसुवा-नुवाकोट ग्रामीण विकास परियोजना मार्फत निर्माण गराइएको थियो ।

यस आयोजनाले विगतदेखि स्थानीय कृषकलाई सिँचाइ सुविधा उपलब्ध गराई खाद्यान्नमा आत्मनिर्भर बनाउँदै आएको थियो । लामो समयसम्म अवरुद्ध सिँचाइ पुनःसञ्चालनमा आएपछि स्थानीय नागरिक हर्षित भएका छन् । बाढीले संरचना क्षति पुर्‍याएपछि खेतीपाती प्रभावित बनेको अवस्थामा जलविद्युत् आयोजनाको सहयोगमा लिफ्ट प्रणालीमार्फत पानी तान्ने उपकरण सहयोग स्वरूप उपलब्ध भएसँगै सिँचाइ सुविधा पुगेको भन्दै स्थानीयले खुसी व्यक्त गरेका हुन् ।

स्थानीय किसान नवराज थापाका अनुसार सिँचाइ सुविधा उपलब्ध भएपछि हिउँदेयाममा मकै, गहुँ, तोरी तथा धानखेती गर्न सहज भएको छ । सिँचाइको भरपर्दो व्यवस्थाले उत्पादन वृद्धि हुनुका साथै किसानमा उत्साह थपिएको उहाँको भनाइ छ ।

आधुनिक सिँचाइ प्रणालीको विकास विसं २०३० को दशकदेखि विभिन्न सरकारी तथा अन्तरराष्ट्रिय सहयोगमा ग्रामीण विकास परियोजनामार्फत सुरु भएको ज्येष्ठ नागरिक एवं समाजसेवी दावाफिन्जो तामाङले बताउनुभयो ।



जिल्लाको चार हजार ७३८ दशमलव ४० हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य राखिए पनि हालसम्म तीन हजार ७३१ हेक्टरमा मात्र सिँचाइको सुरूवात भएको डिभिजन सिँचाइ प्रमुख सुभाष बानियाँले जानकारी दिनुभयो । उहाँका अनुसार समग्रमा छ सय घरधुरीका तीन हजार व्यक्तिले सिँचाइको सुविधा उपभोग गरिरहेका छन् ।

यथेष्ठ रूपले खेतबारीमा पानीको पहुँच पुर्‍याउने उद्देश्यले चालु आर्थिक वर्षमा ४१ वटा सिँचाइ आयोजना सञ्चालन भएका जानकारी दिँदै प्रमुख बानियाँले यो वर्षको सिँचाइ विकासका लागि रु एक करोड २३ लाख खर्च भइसकेको उल्लेख गर्नुभयो ।

## न्यायपालिका र सञ्चार माध्यम एक अर्काका परिपूरक हुन् : प्रधान न्यायाधीश

*प्रत्यूष समाचारदाता*

काठमाडौं । प्रधान न्यायाधीश डा मनोजकुमार शर्माले न्यायपालिका र सञ्चार दुवै एक अर्काको परिपूरक भएको बताउनुभएको छ । सर्वोच्च अदालत मुद्दा तथा रिट महाशाखाले शुक्रबार आयोजना गरेको 'अदालत र सञ्चारकर्मीसँगको अन्तरक्रिया' मा प्रधान न्यायाधीश डा शर्माले न्यायालय र सञ्चारकर्मी एकअर्काका परिपूरक भएको र दुवैको उद्देश्य नागरिकको हक र लोकतन्त्रको सुनिश्चित गर्नु भएको बताउनुभयो ।

"अदातल र सञ्चार दुवै नागरिकको हित र न्यायका लागि काम हो", उहाँले भन्नुभयो, "तथ्यपरक, शुद्धता र पेशागत मर्यादामा दुवैले उत्तिकै ध्यान दिनुपर्छ ।" उहाँले सञ्चारमाध्यम न्यायालय र जनताको सेतु भएको बताउनुभयो । न्यायाधीश महेश शर्मा पौडेलले 'न्यायपालिका र सञ्चार माध्यम' विषयक कार्यपत्र प्रस्तुत गर्दै न्यायपालिका र सञ्चारमाध्यम दुवै निकाय जनताको आस्था र विश्वासमा अडिएको बताउनुभयो । उहाँले छिटो न्याय दिने अदालतको लयलाई जेनजी आन्दोलनले असर गरेको सुनाउनुभयो ।

न्यायाधीश श्रीकान्त पौडेलले न्यायालयमा सुधार, जन आस्था वृद्धि र फैसला कार्यान्वयनलाई प्राथमिकताका साथ अघि बढाइएको बताउनुभयो । उहाँले सञ्चारमाध्यम न्यायपालिकाको आवाज भएको अनुभव सुनाउनुभयो ।

सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार विमल पौडेलले न्यायालय र सञ्चारमाध्यम एकअर्काका परिपूरक भएको र दुवै निकाय जनताको आस्थामा अडिएको बताउनुभयो । उहाँले भ्रमपूर्ण सूचना एवं मिथ्या समाचार सामाजिक सञ्जालले फैलाइरहेको हुँदा चूनौती बढ्दै गएको सुनाउनुभयो ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले अदालतका आदेश/फैसला सञ्चारमाध्यमलाई सहजरूपमा उपलब्ध गराउन सहजीकरण गर्ने प्रत्यन्त गरिरहेको र सामाजिक सञ्जाल तथा एआईका कारण गलत सूचना फैलिरहेको बताउनुभयो । संवैधानिक तथा न्यायिक पत्रकार मञ्चका अध्यक्ष कालिका खड्काले न्यायलयका सूचना, आदेश/ फैसला समयमै प्राप्त गर्न सकेमा गलत समाचार प्रवाह कम गर्न सकिने बताउनुभयो ।

## बारेकोटलाई रु २३ लाख ६० हजारको राहत सामग्री हस्तान्तरण

कर्णाली । जाजरकोटको बारेकोट गाउँपालिकालाई रु २३ लाख ६० हजारको आपत्कालीन गैरखाद्य राहत सामग्री हस्तान्तरण गरिएको छ ।

युरोपेली सङ्घ (ईयु)को आर्थिक सहयोग तथा पिपुल इन नीड, सामुदायिक आत्मनिर्भर केन्द्र, सेभ द चिल्ड्रेन र स्कट विल्सन नेपालको संयुक्त कार्यान्वयनमा रहेको 'प्रतिबद्ध' परियोजनाअन्तर्गत उक्त सामग्री पालिकालाई आज हस्तान्तरण गरिएको हो । हस्तान्तरित सामग्रीहरूमा २७ वटा पारिवारिक टेन्ट, १४० थान गैरखाद्य राहत सामग्री सेट, १४० थान मर्यादा किट (डिग्निटी किट) तथा २० थान वेयरहाउस प्यालेट रहेको पिपल इन निड प्रतिबद्ध-३ परियोजनाका कर्णाली प्रदेश संयोजक उज्ज्वल अधिकारीले जानकारी दिनुभयो ।

प्यालेटहरू आगामी हप्तामा क्रमश: स्थानीय तहलाई हस्तान्तरण गरिने बताउँदै उहाँले भन्नुभयो, "स्थानीय तहको विपद् पूर्वतयारी क्षमता सुदृढ गर्ने तथा आपतकालीन र जलवायुजन्य विपद्का समयमा प्रभावकारी प्रतिक्रिया सुनिश्चित गर्ने उद्देश्यले गैरखाद्य राहत सामग्री हस्तान्तरण गरिएको हो । यो सहयोग 'क्राइसिस मोडिफायर' पहलअन्तरगत प्रदान गरिएको हो ।"

प्रदेश संयोजक अधिकारीका अनुसार बागमती, लुम्बिनी, कर्णाली तथा सुदूरपश्चिम प्रदेशका १० स्थानीय तहमा करिब रु दुई करोड ४८ लाख बराबरका राहत सामग्री पूर्वभण्डारण गर्ने कार्य भइरहेको छ । यसमा जाजरकोटका नलगाड नगरपालिका र बारेकोट गाउँपालिकासहित सिन्धुपाल्चोक, रसुवा, प्युठान र बझाङका स्थानीय तहहरू समेत समेटिएका छन् ।

उहाँले भूकम्प, बाढी, पहिरो तथा आगलागीजस्ता विपद्का बेला तत्काल परिचालन गर्न सकिने गरी यी सामग्रीहरू नगरपालिकाको गोदाममा पूर्व-भण्डारण गरिने बताउनुभयो । विपद्को उच्च जोखिममा रहेको नलगाड नगरपालिकामा राहत सामग्री स्थानीयस्तरमै उपलब्ध हुँदा प्रभावित परिवारहरूलाई आवश्यक सहयोग समयमै प्राप्त हुने गाउँपालिकाका अध्यक्ष बीरबहादुर गिरीले बताउनुभयो । उहाँका अनुसार गैर खाद्य राहत सामग्री प्राप्त भएकोले निकट भविश्यमै कार्यविधि बनाएर यसलाई सञ्चालनमा ल्याइनेछ ।

घरायसी प्रयोजन तथा मर्यादा किटले विशेषगरी महिला तथा किशोरीहरूको व्यक्तिगत सरसफाइ, सुरक्षा र मर्यादा कायम राख्न सहयोग पुर्‍याउने एवं वेयरहाउस प्यालेटले राहत सामग्रीलाई सुरक्षित भण्डारण गर्न र गोदाम व्यवस्थापनलाई थप व्यवस्थित बनाउन मद्दत गरिने विषयमा समेत ध्यान दिएको जनाइएको छ ।

*सम्पादकीय ....*

## संरक्षणमा ध्यान

विश्वमै दुर्लभ पाटेबाघ, एकसिङ्गे गैँडा, सालक, हाब्रे तथा हिमचितुवा जस्ता वन्यजन्तु नेपालका लागि 'फ्ल्यागसिप' प्रजातिहरू हुन् । यसको उपलब्धताले पारिस्थितिकीय अवस्था, वासस्थानको अवस्था र वातावरणको सूचकको पहिचान गर्न भूमिका खेल्छ ।

सीमित भौगोलिक क्षेत्रमा मात्र पाइने र उच्च औषधीय महत्त्व बोकेको यार्सागुम्बा नेपालको हिमाली क्षेत्रमा उपलब्ध हुनु, यहाँको अद्वितीय भौगोलिक विविधता र विशिष्ट पारिस्थितिकीय अवस्थाको जीवन्त प्रमाण हो ।

नेपालमा वैज्ञानिक संरक्षणको इतिहास धेरै पुरानो नभए पनि सन् १९७० को दशकलाई जैविक विविधता संरक्षणलाई नीतिगत प्राथमिकतामा राखिएको महत्त्वपूर्ण कालखण्डका रूपमा लिन सकिन्छ । प्रजातिगत संरक्षणदेखि सुरु भएको संरक्षण अवधारणा संरक्षित क्षेत्रहरूको विस्तार तथा द्वन्द्व व्यवस्थापनका लागि समुदायमा आधारित संरक्षण कार्यक्रम हुँदै जैविक मार्गको विकाससहित भूपरिधिकेन्द्रित संरक्षण अवधारणासम्म आइपुगेको छ ।

वनको कुल क्षेत्रफल बढेर ४५.३२ प्रतिशत पुगेको छ, जसले १ अर्ब ५ करोड ५० लाख कार्बन सञ्चित गरी वन-कार्बन व्यापारको पहिलो चरणको भुक्तानी लिँदैछ ।

यो रूपान्तरण जनसहभागिता, स्थानीय स्वामित्व तथा बहुपक्षीय सहकार्यको उत्कृष्ट उदाहरण हो । यसले दिगो संरक्षणका सम्भावनाहरूलाई अझ व्यापक र प्रभावकारी बनाएको छ । विशेषगरी, समुदायमा आधारित वन व्यवस्थापनको सफल अभ्यासका रूपमा विकसित सामुदायिक वन कार्यक्रमले वन संरक्षण, पुनर्स्थापना र स्थानीय जीविकोपार्जनमा उल्लेखनीय योगदान पुऱ्याएको छ । यसलाई आज विश्वभर अनुकरणीय नमुनाका रूपमा हेरिन्छ ।

यस प्रकारको समग्र संरक्षण प्रयासमा नेपालले उल्लेखनीय उपलब्धि हासिल गरेको छ । वनको कुल क्षेत्रफल बढेर ४५.३२ प्रतिशत पुगेको छ, जसले १ अर्ब ५ करोड ५० लाख कार्बन सञ्चित गरी वन-कार्बन व्यापारको पहिलो चरणको भुक्तानी लिँदैछ । सन् २०२२ सम्म बाघको सङ्ख्या दोब्बर बनाउने लक्ष्य सफलतापूर्वक पूरा भएको छ । पछिल्ला गणनाहरूमा औसतमा १६.६ प्रतिशतका दरले गैँडाको सङ्ख्यामा वृद्धि भएको छ । वन्यजन्तु वासस्थान पुनरुत्थान तथा विकासमा पनि राम्रो उपलब्धि हासिल भएको छ । रेडपाण्डाको वितरण क्षेत्रमा वृद्धि भएको छ । गिद्ध संरक्षणमा राम्रो उपलब्धि हुँदैछ । गौरीगाईको सङ्ख्या क्रमिक वृद्धि भइरहेको छ । नेपाल सरकार व्यवस्थापन कार्ययोजना बनाई संरक्षित वन्यजन्तु तथा महत्त्वपूर्ण वनस्पतिहरूको संरक्षण र संवर्द्धन गर्ने कार्यमा अग्रसर छ ।

यद्यपि, यी उपलब्धिहरूका साथसाथै दिगो संरक्षण र स्रोतको न्यायोचित वितरणमा भने अझै चुनौतीहरू विद्यमान छन् । जैविक विविधताको प्रचुरताको कुरा गरिरहँदा हाम्रा अगाडि यसको संरक्षणका लागि ठूला चुनौतीहरू पनि उत्तिकै छन् । विश्वव्यापी जलवायु परिवर्तनको असर, मानवजन्य गतिविधिहरूको दबाब, वातावरणीय प्रदूषण र मिचाहा प्रजातिको अतिक्रमण आदिका प्रभावले प्राकृतिक, रैथाने तथा लोपोन्मुख प्रजातिहरूको अस्तित्व सङ्कटमा पर्ने अवस्था क्रमशः बढ्दै गइरहेको छ ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## मैदानमा क्रिकेट ब्याटको प्रहार, महिला सशक्तीकरणको आधार

*जमुना वर्षा*

पोखरा । कुनै समय थियो, नेपाली समाजमा छोरीहरूले क्रिकेट मैदानमा पाइला टेक्नु निकै चुनौतीपूर्ण मानिन्थ्यो । घरको चौघेरा, चुलो-चौको र परम्परागत भूमिकाभित्र सीमित गरिएका छोरीहरूका लागि खेलकुदमा भविष्य देख्नु सजिलो थिएन । खेल मैदानमा उनीहरूको उपस्थिति अपवादजस्तै थियो । राष्ट्रिय टोलीको जर्सी लगाउने सपना त झन टाढाको कुरा ।

दक्षिण अफ्रिकाका महान् नेता नेल्सन मण्डेलाले भन्नुभएको थियो, "खेलकुदमा संसार परिवर्तन गर्ने शक्ति हुन्छ । यसमा मानिसहरूलाई एकताबद्ध गर्ने र जहाँ निराशा मात्र छ, त्यहाँ आशा जगाउने अद्भुत क्षमता हुन्छ ।" आज नेपालमा महिला क्रिकेटले यही परिवर्तनको कथा लेखिरहेका छन् । हिजो बेल्ना चौकामा सीमित हातहरूले आज आत्मविश्वासका साथ क्रिकेट मैदानमा ब्याट चलाइरहेका छन् । सटिक बलिङ गरिरहेका छन् । अन्तरराष्ट्रिय प्रतियोगितामा नेपालको झण्डा फहराइरहेका छन् ।

नेपाली महिला क्रिकेटको बढ्दो यात्रा केवल खेलकुदको उपलब्धि मात्र होइन, महिला सशक्तीकरणको एउटा सशक्त आधार पनि हो । यस परिवर्तनको उदाहरण हुनुहुन्छ राष्ट्रिय महिला क्रिकेट टोलीकी खेलाडी रचना चौधरी । सुदूरपश्चिमको कैलाली जिल्लाको सुवर्णपुरबाट बुबासँगै अध्ययनका लागि पोखरा आउनुभएकी रचना अहिले कक्षा १२ मा अध्ययनरत हुनुहुन्छ । उहाँको क्रिकेट यात्रा योजनाबद्ध होइन, संयोगबाट सुरु भएको थियो । कक्षा ९ मा अध्ययनरत रहँदा १४ वर्षको उमेरमा किडासा फाउण्डेशनमार्फत क्रिकेटसँग जोडिनुभएकी रचना रमाइलोका लागि खेल क्षेत्रमा आउनुभएको थियो । "मलाई त्यतिबेला पढाइभन्दा खेल्न रमाइलो लाग्थ्यो । रमाइलोका लागि खेलेको खेलले नै मलाई पहिचान दियो । पछि क्रिकेट नै मेरो जीवनको हिस्सा बन्यो", उहाँ सम्झनुहुन्छ ।

मिस्त्री काम गर्ने बुबाको सङ्घर्षका बीच हुर्किएकी रचनाले त्यतिबेला क्रिकेटले आफ्नो जीवन नै बदलिदिन्छ भन्ने कल्पनासमेत गर्नुभएको थिएन । तर निरन्तर अभ्यास, मिहेनत र समर्पणले उहाँलाई राष्ट्रिय टोलीसम्म पुऱ्यायो । आज उहाँ नेपाल क्रिकेट सङ्घ (क्यान) को केन्द्रीय सम्झौताअन्तर्गत आबद्ध रहँदै आफ्नो छुट्टै पहिचान बनाउन सफल हुनुभएको छ । मलेसियामा सम्पन्न आइसिसी यु-१९ महिला टी-२० विश्वकपमा नेपालको प्रतिनिधित्व गर्ने अवसरलाई उहाँ आफ्नो जीवनको सबैभन्दा महत्वपूर्ण उपलब्धिमध्ये एक मान्नुहुन्छ ।

गण्डकी प्रदेशकी अर्की खेलाडी सिर्जना पौडेलको अनुभव पनि महिला सशक्तिकरणसँग जोडिएको छ । व्यावसायिक क्रिकेट खेल्दै मासिक पारिश्रमिक प्राप्त गरिरहनुभएकी पौडेलका लागि क्रिकेट केवल खेल होइन, आत्मविश्वास आत्मनिर्भरता र स्वतन्त्रताको माध्यम हो । उहाँ भन्नुहुन्छ, "जब म मैदानमा ब्याट समातेर उभिन्छु, मलाई लाग्छ यो केवल काठको टुक्रा होइन, मेरो आत्मविश्वासको आधार हो । हिजो 'छोरी भएर घरभित्र बस' भन्ने समाजले आज हाम्रो चौका र छक्कामा ताली बजाइरहेको छ ।"

स्याङ्जाकी खेलाडी सिमाना केसीको अनुभवले पनि महिला क्रिकेटमा आएको परिवर्तनलाई पुष्टि गर्छ । सन् २०२० देखि क्रिकेट खेल्न थाल्नुभएकी केसी अहिले बिबिए अध्ययनसँगै सिनियर क्रिकेट टिममा सक्रिय हुनुहुन्छ ।

आइसिसी यु १९ टोलीमा छनोट हुँदा निकै खुसी लागेको क्षणसँगै अहिले सिनियर टिममा रहेर हालै मात्र मलेसियामा भएको एसिया प्रिमियर कपको अनुभव बटुलेर फर्कनुभएको छ । राष्ट्रिय टिमबाट मासिक पारिश्रमिक बुझेर खेल्दै आउनुभएकी केसी भन्नुहुन्छ, "खेलकुद अब आत्मनिर्भर बन्ने माध्यम पनि बन्दै गएको छ, यसले आत्मविश्वास र सशक्तिकरण यात्रामा थप हौसला मिलेको छ ।"

स्याङ्जाकै कुसुम गोदार पनि व्यावसायिक खेलमैदानमा हुनुहुन्छ । गण्डकी प्रदेशबाट पारिश्रमिक बुझेर खेल्दै आउनुभएकी गोदार यतिबेला नयाँ खेलाडीलाई प्रोत्साहन गर्न व्यस्त हुनुहुन्छ । इच्छाशक्ति र आत्मविश्वासका साथ आउनसके क्रिकेटले आफ्नो पहिचानसहित आत्मनिर्भरको बाटो समेत तय गर्ने धारणा राख्ने गोदारले आत्मविश्वास बढ्दा जस्तै चुनौतीलाई पार लगाउनसक्ने क्षमता खेलबाट बटुलेको सुनाउनुभयो ।

नेपाल महिला क्रिकेटको यात्रालाई नजिकबाट नियाल्नुभएकी नेपाल महिला राष्ट्रिय क्रिकेट टोलीकी पहिलो कप्तान नेरी थापाले विगत र वर्तमानबीचको ठूलो अन्तर अनुभव गर्नुभएको छ । "आज महिला क्रिकेटले जुन उचाइ प्राप्त गरेको छ, त्यसको यात्रा सहज थिएन । म क्रिकेटमा आउँदा महिलाको सहभागिता निकै न्यून थियो । क्रिकेट खेल्ने छोरीलाई समाजले सहज रूपमा स्वीकार्दैनथ्यो । 'ब्याट र बल बोकेर केटाजस्तो हिँड्छे' भन्ने टिप्पणीहरू सुन्नुपर्थ्यो," थापा सम्झनुहुन्छ । देशको पहिलो महिला राष्ट्रिय टोलीको कप्तानी गर्ने अवसरलाई नेपाली महिला क्रिकेटको इतिहासमा एउटा महत्वपूर्ण अध्यायको रुपमा लिएको उहाँको भनाइ छ ।

गण्डकी प्रदेश क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले करिब डेढ दशकअघिको समय स्मरण गर्दै भन्नुहुन्छ । "२०६८ सालतिर छोरीलाई क्रिकेट खेल्न पठाउन अभिभावकहरू तयार हुँदैनथे । 'मेरो छोरीको जिम्मा कसले लिन्छ ?' भन्ने प्रश्न बारम्बार आउँथ्यो । राष्ट्रिय प्रतियोगितामा पठाउन अभिभावकले स्वीकृति नदिदा निकै समस्या हुन्थ्यो । आज भने अवस्था फेरिएको छ । अभिभावकहरू आफैँ छोरीहरूलाई क्रिकेट प्रशिक्षणका लागि एकेडेमीमा पुऱ्याउन थालेका छन् । उहाँले नेपाल क्रिकेट सङ्घ (क्यान) ले महिला खेलाडीहरूलाई मासिक पारिश्रमिक उपलब्ध गराउन थालेपछि क्रिकेटप्रतिको आकर्षण पनि बढ्न थालेको बताउनुभयो ।

सिग्देलका अनुसार आज नेपालभर करिब ३० जिल्लामा महिला क्रिकेट गतिविधि सञ्चालन भइरहेको छ । झण्डै ४५० देखि ५०० जना महिला खेलाडी सक्रिय रूपमा क्रिकेटमा आबद्ध छन् । प्रदेशस्तरमा करिब १५० जना खेलाडी प्रतिस्पर्धामा छन् भने राष्ट्रियस्तरमा करिब ३० महिला खेलाडीले नियमित रूपमा प्रतिनिधित्व गरिरहेका छन् । विभिन्न उमेर समूह र सिनियर तहमा सात प्रदेशका १४-१५ वटा टोली राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गरिरहेका छन् ।

पहिले क्रिकेट खेल्दा भविष्य देखिँदैन भन्ने धारणा बदलिदै अहिले खेलाडीहरूले खेललाई पेशाका रूपमा हेर्ने वातावरण बने पनि महिला क्रिकेटको विकासका लागि अझै पनि चुनौतीहरू बाँकी रहेको प्रशिक्षक दिपेश खत्रीको अनुभव छ । "देशका धेरै जिल्लामा महिलामैत्री खेल पूर्वाधारको अभाव छ । निजी क्षेत्रको लगानी र स्पोन्सरसिप पनि अपेक्षाकृत न्यून छ", उहाँ भन्नुहुन्छ, "सहरी क्षेत्रमा अवसर बढे पनि ग्रामीण तथा दुर्गम क्षेत्रका प्रतिभाशाली छोरीहरू अझै अवसरबाट वञ्चित छन् । खेलाडीहरूको सामाजिक सुरक्षा र खेल जीवनपछिको रोजगारी सुनिश्चित गर्न स्पष्ट नीति आवश्यक छ ।" नेपाली महिला क्रिकेटको वर्तमान अवस्थालाई हेर्दा आफूलाई गर्व लाग्ने बताउनुहुन्छ पूर्वराष्ट्रिय क्रिकेट कप्तान तथा नेपालमा महिला क्रिकेटका प्रणेता लेखबहादुर क्षेत्री । आज महिला क्रिकेटले प्राप्त गरेको सफलता एक दिनको उपलब्धि नभई दुई दशकभन्दा लामो सङ्घर्ष, धैर्य र समर्पणको परिणाम भएको उहाँको बुझाइ छ । "आज महिला क्रिकेट जुन स्थानमा पुगेको छ, त्यो सहजै प्राप्त भएको होइन, नेरी थापा, सीता राना मगर, रुबिना क्षेत्री, पूजा महतो, इन्दु बर्मालगायतका खेलाडीहरूले गरेको सङ्घर्ष, त्याग र समर्पणका कारण नेपाली महिला क्रिकेटले आज अन्तरराष्ट्रियस्तरमा आफ्नो उपस्थिति बलियो बनाएको हो ।"

नेपाली महिला क्रिकेटको इतिहास सम्झँदा सन् २००७ मा मलेसियाको जोहोरमा आयोजित पहिलो एसिसी महिला च्याम्पियनसिप विशेष महत्व रहेको क्षेत्री बताउनुहुन्छ । "नेपालले पहिलोपटक अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएर उपविजेता बन्न सफल भएको थियो । त्यो उपलब्धिले नेपाली महिला क्रिकेटको सम्भावना अन्तरराष्ट्रिय समुदायसामु चिनाएको थियो ।" क्षेत्री सम्झनुहुन्छ, "२०६१ सालतिर बाँकेको कोहलपुरमा महिला क्रिकेटका गतिविधि सुरु गर्दा खेलाडी जुटाउनै कठिन हुन्थ्यो । सामाजिक सोच, पूर्वाधारको अभाव र सीमित अवसरका बीच छोरीहरुले ठूलो सपना बोकेर मैदानमा आउँथे । उनीहरूको आत्मविश्वास र साहस देख्दा एक दिन महिला क्रिकेटले अवश्य सफलता पाउने विश्वास जाग्थ्यो ।"

उहाँका अनुसार सन् २०१० देखि २०१५ सम्म महिला क्रिकेट लगभग ठप्पजस्तै भयो । प्रतियोगिता कम भए, खेलाडीहरू पलायन भए र विकासको गति सुस्तायो, यसले नयाँ खेलाडी उत्पादनमा समस्या भयो । सन् २०१७ पछि भने महिला क्रिकेटले पुनः नयाँ गति लिन थाल्यो । राष्ट्रिय खेलकुद परिषद्, क्यान र विभिन्न सरोकारवालाको पहलमा प्रधानमन्त्री कपलगायतका राष्ट्रिय प्रतियोगिताले महिला क्रिकेटलाई पुनर्जीवित गऱ्यो । क्यानले महिला क्रिकेटलाई दीर्घकालीन दृष्टिकोणका साथ अगाडि बढाउन थालेपछि खेलाडी उत्पादन, प्रशिक्षण र अन्तरराष्ट्रिय सहभागितामा उल्लेखनीय सुधार आएको उहाँको भनाइ छ ।

आज नेपाली महिला क्रिकेटले यू-१९, एसिया कप हुँदै विश्व कपसम्मको यात्रा तय गरिसकेको छ । "हिजो अन्तरराष्ट्रिय प्रतियोगिता खेल्नु नै ठूलो उपलब्धि थियो, आज विश्वकप र एसिया कपमा प्रतिस्पर्धा गर्ने स्तरमा पुग्नु नेपाली महिला क्रिकेटको ऐतिहासिक फड्को हो," उहाँले महिला क्रिकेटको अर्को महत्वपूर्ण उपलब्धि आर्थिक आत्मनिर्भरता पनि भएको बताउनुहुन्छ ।

**अनलाइन ठगी हुनबाट बचौं**

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइबर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

# एक हात गुमाएकी जमुना जलजलाकी सर्वोत्कृष्ट उद्यमी

म्याग्दी । म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका-४ मोहनचोकस्थित टपरी एग्रोका प्रबन्ध सञ्चालक जमुना आचार्य जलजला गाउँपालिकाको सर्वोत्कृष्ट उद्यमी घोषित हुनुभएको छ ।

गण्डकी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालय, जलजला गाउँ पालिका र दायित्व संस्थाको सहकार्यमा सञ्चालित वृद्धिमुखि उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन कार्यक्रम अन्तर्गत शुक्रबार गाउँपालिकाको कार्यालय लामाखेतमा आयोजित लगानी प्रस्तुतीकरण कार्यक्रममा उत्कृष्ट अंक प्राप्त गरेपछि आचार्यलाई नगद रु. एक लाख ५० हजारसहित सम्मान गरिएको हो ।

बाल्यकालमै देब्रे हात गुमाएकी आचार्यले स्थानीय कृषि तथा पशुजन्य उत्पादनको संकलन, प्रशोधन र बजारीकरणका लागि सामूहिक रूपमा टपरी एग्रो सञ्चालन गर्दै आउनुभएको छ । मूल्याङ्कन समितिको सिफारिसका आधारमा उहाँको व्यावसायिक योजना र प्रस्तुती सर्वोत्कृष्ट ठहरिएको दायित्व संस्थाका गण्डकी प्रदेश प्रमुख विजय जिसीले जानकारी दिनुभयो ।

कार्यक्रममा उत्कृष्ट १० मा परेका अन्य नौ जना उद्यमीलाई पनि जनही रु. एक लाखका दरले पुरस्कार प्रदान गरिएको थियो । नौ वडाबाट प्राप्त एक सय ५४ आवेदनमध्ये विभिन्न सूचकका आधारमा चरणबद्ध छनोट गरी अन्तिम १० उद्यमीलाई लगानी प्रस्तुतीकरणका लागि छनोट गरिएको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो ।

टपरी एग्रोका आचार्यसँगै जलजला कृषि तथा पशुपंक्षी फर्मकी शुभकुमारी कार्की, अभिषेक तरकारी तथा पशुपंक्षी फर्मकी सावित्री खत्री, थापा लोकल मार्टकी कमला बानियाँ थापा, मल्ल ढाका उद्योगकी उषा मल्ल, गोमा गाइभैंसी फर्मका तोपबहादुर क्षेत्री, पाईजा अर्गानिक फलफुल तथा पशुपंक्षी फर्मकी बसन्ती पाईजा, पाईजा नर्सरी फर्मका नरबहादुर पाईजा, राधादेवी पशुपंक्षी तथा कृषि फर्मकी राधिका भुसाल र श्रीहरि सुन्तला बगैंचा तथा पशुपंक्षी फर्मकी ताराकुमारी रेग्मीले उद्यमको सुरुवातको इतिहाँस, चुनौति, सफलता, अनुभव र भावी योजना प्रस्तुत गर्नुभएको थियो ।

एक सय ५४ जनाबाट पहिलो चरणमा छानिएका ४० जनालाई तालिम दिएर व्यावसायिक योजना तयार गर्न लगाएर दोस्रो चरणमा २० जना उत्कृष्ट उद्यमी छनौट गरीएको थियो । यस कार्यक्रम मार्फत गत आ.व. २०८१/२०८२ मा उत्कृष्ट २० मा छनौट भएका उद्यमीहरुलाई न्युनतम रु. ५० हजार बराबरको प्रविधि खरिदका लागि जनही नगद रु. २५ हजार पुरक अनुदान प्रदान गरिएको दायित्व संस्थाका जलजला फिल्ड अधिकृत विश्वनाथ आचार्यले बताउनुभयो । "४० जना भित्र परेका तर उत्कृष्ट २० बाट बाहिरिएका २० जना उध्यमिलाई रु. ३४ हजार बराबरको प्रविधि खरिदका लागि जनही नगद रु २० हजार बराबरको पुरक अनुदान प्रदान गरिएको थियो," उहाँले भन्नुभयो "उद्यमको स्थलगत अनुगमन तर्फ ७५ प्रतिशत र एसएमएस भोटिङतर्फ २५ प्रतिशतको मुल्याङ्कनबाट गत माघ महिनामा १० जनालाई छनौट गरि प्रविधि खरिदका लागि जनही नगद रु. एक लाख अनुदान उपलब्ध गराइएको थियो ।" प्रदेश सरकारको रु. ४० लाख, जलजला गाउँपालिकाको रु. २० लाख र दायित्व संस्थाको रु. १५ लाख लागतमा सञ्चालित कार्यक्रममार्फत उद्यमीलाई तालिम, व्यावसायिक योजना निर्माण, प्रविधि सहयोग तथा अनुदान उपलब्ध गराएको छ ।

जलजलासँगै बागलुङको बडीगाड गाउँपालिका, गोरखाको सिरानचोक गाउँपालिका, तनहुको म्याग्दे गाउँपालिका, नवलपुरको हुक्सेकोट गाउँपालिकामा नमुना परियोजनाको रुपमा सञ्चालन भएको कार्यक्रम प्रभावकारी देखिएको गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयका प्रशासकीय अधिकृत अशोक कुमार नेपालीले बताउनुभयो ।

# लागुऔषधविरुद्ध प्रहरीको स्वीप अपरेसन

भद्रपुर । लागुऔषध नियन्त्रणका लागि सञ्चालित विशेष 'स्वीप अपरेसन' अन्तर्गत बिहीबार पक्राउ परेका थप ४९ जनालाई प्रहरीले शुक्रबार सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालय झापा र लागुऔषध नियन्त्रण ब्यूरो काकरभिट्टाको मातहतबाट खटिएको संयुक्त प्रहरी टोलीले जिल्लाका विभिन्न स्थानबाट ३७ पुरुष र एक महिला गरी ३८ जना सेवनकर्ता तथा ११ जना लागुऔषध कारोबारीलाई नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रञ्जन अवाका अनुसार शङ्कास्पद अवस्थामा हिँडडुल गर्नेहरूलाई लक्षित गरी 'स्वीप अप्रेसन' सञ्चालन गरिएको हो । पक्राउ परेकाहरूको साथबाट ५५ ग्राम ९५० मिलीग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थ बरामद गरिएको उहाँले जानकारी दिनुभयो । प्रहरीले सार्वजनिक गरेको विवरणअनुसार यसपटक सबैभन्दा ठूलो परिमाणमा लागुऔषध दमकबाट बरामद भएको छ । दमक नगरपालिका-८ बस्ने ३२ वर्षीय इन्द्रप्रसाद गिरी र वडा नं ७ नीलकण्ठ टोल बस्ने ३८ वर्षीया सञ्जु खत्रीको साथबाट ४४ ग्राम ४६० मिलीग्राम ब्राउन सुगर फेला परेको छ ।

निजहरूका साथै जिल्लाका विभिन्न स्थानबाट लागुऔषधसहित पक्राउ परेका अन्य कारोबारीहरू गरी कुल ११ जनामाथि लागुऔषध मुद्दा दर्ता गरेर थप कानुनी अनुसन्धान अघि बढाइएको प्रहरी नायब उपरीक्षक अवाले बताउनुभयो । उहाँका अनुसार अपरेसनका क्रममा नियन्त्रणमा लिइएका ३८ जना सेवन कर्तालाई भने जिल्ला प्रहरी कार्यालयमा राखेर मनोपरामर्श सेवा प्रदान गरिएको छ । निजहरूलाई आवश्यकता र अवस्था हेरेर बुबाआमा वा अभिभावकको जिम्मा लगाउने तथा थप सुधारका लागि पुनर्स्थापना केन्द्र (सुधारगृह)मा पठाउने कार्य भइरहेको प्रहरी नायब उपरीक्षक अवाले जानकारी दिनुभयो । यसअघि बुधबार पनि प्रहरीले सञ्चालन गरेको उक्त विशेष अपरेसनका क्रममा ३६ जना लागुऔषध सेवनकर्ता तथा कारोबारी पक्राउ परेका थिए ।

# प्रतिनिधिसभाका सांसदलाई संसदीय प्रक्रिया र अभ्यास सम्बन्धी अभिमुखीकरण

काठमाडौं । सङ्घीय संसद् सचिवालयले प्रतिनिधिसभा सदस्यका लागि 'संसदीय प्रक्रिया र अभ्यास'सम्बन्धी दुईदिने अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ ।

सो कार्यक्रम यही असार १५ र १६ गते सिंहदरबारस्थित सङ्घीय संसद् भवनको निर्माणाधीन उत्तरपश्चिमको सभाहलमा हुनेछ । सचिवालयअन्तर्गतको संसदीय प्रशिक्षण शाखाले शुक्रबार सूचना जारी गर्दै उक्त अभिमुखीकरणमा उपस्थित हुन प्रतिनिधि सभा सदस्यहरुलाई आग्रह गरेको छ ।

उक्त कार्यक्रम असार १५ गते बिहान १० देखि अपराह्न ४ बजेसम्म र असार १६ गते बिहान ११ देखि अपराह्न ३:३० सम्म सञ्चालन हुने शाखाका उपसचिव बाबुराम बस्यालले जानकारी दिनुभयो ।

# पर्यटकको बसाइ लम्ब्याउन घान्द्रुकमा चक्रीय पदमार्ग निर्माण

कास्की । अन्नपूर्ण संरक्षण क्षेत्रभित्रको पर्यटकीय गाउँ घान्द्रुकमा पर्यटकको बसाइ अवधि लम्ब्याउने उद्देश्य सहित चक्रीय पदमार्ग निर्माण गरिएको छ । कास्कीको अन्नपूर्ण गाउँपालिका-११ मा पर्ने घान्द्रुक गाउँ अन्नपूर्ण आधार शिविर र घोरेपानी-पुनहिल पदयात्राको प्रवेशद्वारका रूपमा परिचित छ ।

प्राकृतिक सौन्दर्य, हिमाली दृश्य र गुरुङ समुदायको मौलिक संस्कृति एकै ठाउँबाट अनुभव गर्न सकिने गरी निर्माण गरिएको पाँच किमी ५०० मिटर लामो पदमार्गले घान्द्रुकलाई थप आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने अपेक्षा गरिएको छ ।



नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र अन्नपूर्ण गाउँपालिकाको संयुक्त रु २५ लाख लगानीमा निर्माण गरिएको पदमार्ग पुरानो चौपाया हिँड्ने बाटोलाई स्तरोन्नति गर्दै ढुङ्गा छाप्रेर तयार गरिएको हो । पदमार्ग निर्माणसँगै पर्यटकले वरपरका प्राकृतिक तथा सांस्कृतिक सम्पदासम्म पुग्ने नयाँ अवसर पाउनेछन् ।

समुद्री सतहबाट करिब एक हजार नौ सय ४० मिटर उचाइमा रहेको घान्द्रुक अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने नेपालको चर्चित पर्यटकीय गाउँ हो । यहाँबाट अन्नपूर्ण दक्षिण, हिमचुली, माछापुच्छ्रे लगायतका हिमशृङ्खलाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । नवनिर्मित चक्रीय पदमार्ग खोलोभ्रों बसपार्कबाट सुरु भएर वडा कार्यालय, कोटगाउँ, पधेरो, घट्टेखोला, बलाचे पार्क, देउराली, बुद्ध पार्क, मेश्रम बराह, नेगु, चिया बगान र गैरीगाउँ हुँदै पुनः बसपार्कमै आएर टुङ्गिन्छ ।

रोधी क्लब घान्द्रुकका वरिष्ठ उपाध्यक्ष अमृत गुरुङका अनुसार पदमार्ग निर्माणको अवधारणा चार वर्षअघि तयार गरिएको थियो । पछिल्ला वर्षमा घान्द्रुक आउने पर्यटकको सङ्ख्या बढ्दै गए पनि अधिकांशले एक रात मात्र बिताएर फर्किने गरेकाले उनीहरूको बसाइ अवधि बढाउने उद्देश्यले योजना अघि बढाइएको उहाँले बताउनुभयो । उहाँ भन्नुभयो,"घान्द्रुकमा पछिल्ला वर्षमा पर्यटकको संख्या उल्लेख्य बढेको छ यहाँ आएका पर्यटकले गाउँ वरपर हाइकिङ गर्दै प्राकृतिक र सांस्कृतिक सम्पदाको अनुभव गर्न सकून् भन्ने सोचका साथ चक्रीय पदमार्ग निर्माण गरेका हौं । चार वर्षअघि सुरु भएको योजना अहिले पूरा भएको छ । यसले पर्यटकको बसाइ बढाउनुका साथै स्थानीय पर्यटन व्यवसाय लाई प्रत्यक्ष फाइदा पुग्ने विश्वास गरेका छौं । "

उहाँका अनुसार पदमार्गले पर्यटकलाई घान्द्रुकको प्राकृतिक सम्पदा मात्र होइन, ग्रामीण जीवनशैली, स्थानीय संस्कृति, चिया बगान, धार्मिक तथा ऐतिहासिक स्थल र वन क्षेत्रसँग पनि परिचित गराउनेछ । यसले हाइकिङ, प्रकृति अवलोकन, फोटोग्राफी तथा ग्रामीण पर्यटनका नयाँ सम्भावना विस्तार गर्ने अपेक्षा गरिएको छ ।

अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले पर्यटन पूर्वाधार विस्तारलाई गाउँपालिकाले प्राथमिकतामा राखेको बताउँदै घान्द्रुक चक्रीय पदमार्ग त्यसैको महत्वपूर्ण उपलब्धि भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभया "पर्यटन क्षेत्रको दिगो विकास र स्थानीय आर्थिक समृद्धिलाई केन्द्रमा राखेर गाउँपालिकाले पर्यटन पूर्वाधार निर्माणलाई निरन्तरता दिएको छ । घान्द्रुक चक्रीय पदमार्गले यहाँको पर्यटनमा नयाँ आयाम थप्ने विश्वास गरेका छौं। यसजस्तै अन्य महत्वपूर्ण पदमार्ग तथा पर्यटन पूर्वाधार निर्माणका लागि सङ्घीय सरकार, प्रदेश सरकार र सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिरहेका छौं ।"

अन्नपूर्ण-११ का वडाध्यक्ष हिमबहादुर गुरुङले पदमार्ग निर्माणमा स्थानीयवासीको उल्लेखनीय सहयोग प्राप्त भएको जनाउँदै योजनाको गुणस्तर र दिगोपनामा विशेष ध्यान दिइएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो , "घान्द्रुकमाथिको जंगल क्षेत्रमा पदमार्ग निर्माण भएपछि पर्यटकको बसाइ कम्तीमा एक दिन थप लम्ब्याउन सकिने अपेक्षा गरेका छौं । अहिले पदमार्ग तयार भएको छ । अब शौचालय, चौतारी, सूचना बोर्ड, विश्रामस्थल र अन्य आवश्यक पूर्वाधार थप्दै लैजाने योजना छ । "

घान्द्रुकमा वार्षिक रूपमा हजारौं स्वदेशी तथा विदेशी पर्यटक आउने भए पनि उनीहरूको बसाइ छोटो हुने गरेको पर्यटन व्यवसायीको अनुभव छ । यहाँ आउने मध्ये केही पर्यटक पदयात्राका लागि जाने गर्छन् भने अधिकांश एक रात बसेर फर्किने गरेका छन् । नयाँ चक्रीय पदमार्ग सञ्चालनमा आएपछि पर्यटकले हिमालको दृश्य, गुरुङ संस्कृति, ग्रामीण परिवेश र प्राकृतिक सम्पदाको अनुभव लिन सक्ने भएकाले बसाइ अवधि लम्बिने अपेक्षा गरिएको हो ।

# महिला टि-ट्वान्टी क्रिकेटः एपीएफ र कोशी उपाधिका लागि भिड्ने

जनकपुरधाम । मधेस प्रदेशको राजधानी जनकपुरधाम र वीरगञ्जमा जारी निको कप महिला टि-ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधिका लागि एपीएफ क्लब र कोशी प्रदेश भिड्ने भएका छन् ।

प्रतियोगिताअन्तर्गत शुक्रबार सम्पन्न सेमिफानलमा कोशी प्रदेशले बागमती प्रदेशलाई आठ रनले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो । जनकपुरधामस्थित रामजानकी बहुउद्देश्यीय रङ्गशालामा आज एपीएफ क्लब र लुम्बिनी प्रदेशबीचको सेमिफाइनल खेल वर्षाका कारण प्रभावित भयो । त्यसपछि रनरेटको आधारमा एपीएफ क्लब फाइनलमा प्रवेश गरेको मधेस खेलकुद परिषद्का सदस्य सचिव शिवजीप्रसाद गुप्ताले जानकारी दिए । उनका अनुसार प्रतियोगिता को फाइनल खेल आइतबार पर्साको वीरगञ्जस्थित टिबी शाह क्रिकेट मैदानमा हुनेछ । वीरगञ्जस्थित टिबी शाह क्रिकेट मैदानमा आज सम्पन्न अर्को सेमिफाइनलमा कोशी प्रदेशले बागमती प्रदेशलाई आठ रनले पराजित गर्यो । टस जितेर बागमती प्रदेशले फिल्डिङ रोजेपछि ब्याटिङको निम्तो पाएको कोशी प्रदेशले निर्धारित १० ओभरमा एक विकेट गुमाएर ७२ रनको योगफल बनायो । कोशीका लागि कप्तान रुबीना क्षेत्रीले ३१ रन, काजल श्रेष्ठले २९ तथा अपसरी बेगमले १० रनको योगदान दिइन् । बलिङतर्फ बागमतीका लागि कञ्चन श्रेष्ठले एक विकेट लिइन् ।

त्रिहत्तर रनको विजयी लक्ष्यसहित मैदानमा उत्रेको बागमती प्रदेशले १० ओभरमा ६ विकेट गुमाएर ६४ रन मात्र जोड्न सक्यो । बागमतीकी कप्तान अस्मिना कर्माचार्यले १७ रन, लक्ष्मीमाया रुम्बा लामाले १४ रन र विपिसा शाहीले १२ रन बनाइन् ।

बलिङतर्फ कोशीकी कप्तान रुबीना क्षेत्रीले दुई तथा अलिसा खाडिया, अपसरी बेगम र टीका साहले एक/एक विकेट लिइन् । आजको खेलको बुमन अफ दी म्याच कोशीकी कप्तान रुबीना क्षेत्री घोषित भइन् । मधेस प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेस खेलकुद परिषद् तथा नेपाल खेलकुद महासङ्घको संयोजनामा सुरु भएको प्रतियोगितामा सात प्रदेश र विभागीय टोली एपीएफ क्लबको सहभागिता रहेको छ ।

# दुई राउन्ड गोलीसहित दुई जना युवालाई पक्राउ

राजविराज (सप्तरी) । सप्तरीको बलानबिहुल गाउँपालिका-३ टिकुलियाबाट प्रहरीले दुई राउन्ड गोलीसहित दुई जना युवालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको बलानबिहुल गाउँपालिका-३ का ३२ वर्षीय सुभाषकुमार पासमान र सोही स्थानका २२ वर्षीय धर्मेन्द्र सिंह रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो । प्रहरी चौकी बल्हीबाट खटिएको प्रहरी टोलीले बलान बिहुल गाउँपालिका-३ स्थित टिकुलिया-बेल्ही सडकखण्डमा बाँसको (टहरा) मचानमा बसेको अवस्थामा शङ्कास्पद उनीहरूलाई नियन्त्रणमा लिएको प्रहरी प्रवक्ता घिमिरेले बताउनुभयो । उहाँका अनुसार शरीर खानतलासीका क्रममा सुभाषकुमार पासमानको साथबाट 'आठ एमएम' लेखिएको दुई राउन्ड गोली बरामद भएको जानकारी दिनुभयो । प्रहरीले दुवै जनालाई नियन्त्रणमा लिई खरखजानासम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको छ ।

## नवजात शिशु हत्या र हाडनाता करणीका अभियुक्त पक्राउ

भद्रपुर। झापामा नवजात शिशुको हत्या तथा आफ्नै छोरीमाथि हाडनाता करणी गरेको आरोप लागेका एक फरार व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय झापाको टोलीले विशेष सूचना र प्राविधिक अनुसन्धानको आधारमा ती अभियुक्तलाई इलामको सूर्योदय नगरपालिका–१० फिक्कल बजारस्थित एक होटलबाट नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रञ्जन अवाका अनुसार गत वैशाख २ गते शिवसताक्षी नगरपालिकास्थित झिलझिले क्षेत्रमा खाली जग्गामा नवजात शिशुको शव गाडिएको अवस्थामा फेला परेपछि घटनाको अनुसन्धान सुरु गरिएको थियो।

अनुसन्धानका क्रममा पीडित युवतीले आफ्नै बाबुबाट पटक-पटक जबर्जस्ती करणी भएको, त्यसबाट गर्भ रहन गई शिशुको जन्म भएको र बाबुकै सल्लाहमा नवजात शिशुको शव गाडिएको बयान दिएपछि प्रहरीले नवजात शिशु हत्या तथा हाडनाता करणीसम्बन्धी मुद्दा दर्ता गरी आरोपितको खोजी थालेको थियो।

प्रहरीका अनुसार आरोपित व्यक्ति रोल्पामा कामका लागि जाने भन्दै घरबाट निस्किएका थिए। आफूलाई खोजी भइरहेको थाहा पाएपछि उनी विभिन्न स्थानमा लुक्दै बसिरहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। प्रहरीले असार ३ गते नै आरोपितलाई आफ्नै छोरीसँग होटलमा बसिरहेको अवस्थामा नियन्त्रणमा लिएको जनाएको छ। उनलाई झापा ल्याएर थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको छ। पीडित युवतीलाई भने हाल काकडभिट्टास्थित 'आफन्त नेपाल' को संरक्षणमा राखिएको प्रहरी नायब उपरीक्षक अवाले जानकारी दिनुभयो।

## लागुऔषध दुरूपयोग तथा अवैध ओसारपसारविरूद्ध सुक्ष्म ध्यान दिनुपर्ने

ललितपुर। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले लागुऔषध दुरूपयोग तथा अवैध ओसारपसारविरूद्ध सुक्ष्म रूपमा ध्यान दिएर काम गर्नुपर्ने बताउनुभएको छ।

कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजनामा लागुऔषध दुरूपयोग तथा अवैध ओसारपसारविरूद्ध अन्तरराष्ट्रिय दिवसका अवसरमा शुक्रबार आयोजित कार्यक्रममा उहाँले लागुऔषध दुरूपयोग तथा अवैध ओसारपसारविरुद्धको विषय राजनीतिक दलहरूले छलफल गर्नुपर्नेमा जोड दिनुभयो। "नीति निर्माणमा सहभागी हुनेहरूले लागुऔषधको समस्याका बारेमा विभिन्न कोणबाट थाहा पाउनुपर्छ, हामीले सदनमा बसेर सुधारका लागि काम गर्नुपर्छ, यो अत्यन्तै ठूलो सरोकारको विषय हो", सभापति थापाले भन्नुभयो। उहाँले सरकारमा नहुँदा लागुऔषध दुरूपयोग र अवैध ओसार-पसारविरुद्ध काम गर्नका लागि क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो।

सशस्त्र प्रहरी बलका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक रविराज थापा, सशस्त्र भूमिगत समूहका पूर्वसदस्य भाजु राउत कुर्मी, रिकभरिङ नेपालका सदस्य यमकला राई र अभियान्ता विवेक कर्णले लागुऔषध रोकथामका लागि सरकार, समुदाय र व्यक्ति मिलेर लाग्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा पूर्वलागुऔषध प्रयोगकर्ता राजकुमार तामाङले लागुऔषध



प्रयोगका कारण आफ्नो जीवनमा पारेको नकारात्मक प्रभाव, लागुऔषध प्रयोगकर्ता हुँदा नशा र कुलतको क्षणिक आनन्दमा फसेर गुमाएको समय, परिवारमा पारेको नकारात्मक प्रभाव, समाजमा परेको समस्याका बारेमा आफ्नो दुःखदायी र पीडादायी अनुभव प्रस्तुत गर्नुभएको थियो।

## रातोघर साहित्य उत्सवमा तिवारी र राई सम्मानित

काठमाडौँ। साहित्य, कला र सांस्कृतिक क्षेत्रका व्यक्तित्वलाई सम्मानसहित सम्पदा र सहरसम्बन्धी बहसको आयोजना गरेर 'रातोघर साहित्य उत्साव, २०८३' सम्पन्न भएको छ।

रातोघर फाउन्डेसनले आयोजना गरेको उत्सवमा 'शब्द, सम्पदा र सहर' लाई मूल भाव बनाएर विविध गतिविधि गरिएको थियो। विगत २० वर्षदेखि साहित्य, कला र संस्कृतिका विविध गतिविधिका माध्यमबाट राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा नेपाल र नेपालीको पहिचान स्थापनाको प्रयास गर्दै आएको सो फाउन्डेसनले काठमाडौँ उपत्यकाका विभिन्न स्थानीय तहका जनप्रतिनिधि र विविध भाषाका स्रष्टाहरूलाई जुटाएर यस प्रकारको नवीन कार्यक्रम गरेको हो। उत्सवमा फाउन्डेसनका अध्यक्ष स्नेह सायमीलगायले प्रा डा सुदर्शन तिवारीलाई 'रातोघर च्वसाः सम्मान' र डा शङ्करमान राईलाई 'रातोघर उत्कृष्ट सेवा सम्मान' प्रदान गर्नुभयो। सम्मानित व्यक्तित्वबारे साहित्यकार वासुदेव अधिकारीले परिचर्चा गर्नुभएको थियो। उत्सवमा काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोल, ललितपुर महानगर-पालिकाका उपप्रमुख मञ्जली शाक्य, मध्यपुरथिमि नगरपालिकाका उपप्रमुख विजयकृष्ण श्रेष्ठ, बूढानीलकण्ठ नगरपालिकाका उपप्रमुख अनिता लामा, गोकर्णेश्वर नगरपालिकाका उपप्रमुख सान्नानी लामा, बुद्धिजीवी मल्ल के सुन्दरलगायतले साहित्य, संस्कृति र माटोको भविष्यबारे विभिन्न शीर्षकका सत्रहरूमा साझा संवाद गर्नुभएको थियो। क्रममा बहसमा रैथाने समुदाय, बसाइँसराइ, सार्वजनिक स्थान र नागरिक अधिकार, सांस्कृतिक सहअस्तित्व र सहरका विषयमा विचारविमर्श भएको थियो। अध्यक्ष सायमीको कृति 'पुल र पर्खालहरू'को नेपाल भाषामा अनुदित 'ताँ व पाः खाःत' को विमोचन गरिएको थियो। यस्तै १५ मातृभाषी कविहरूको कविता वाचन गरिएको थियो भने धीमे, बाँसुरी, टुङ्ना, डम्फु, सांस्कृतिक बाजा प्रस्तुत गरिएको थियो।

## सूर्यविनायकमा बालमैत्री स्थानीय शासनयुक्त घोषणा अभियान सुरु

भक्तपुर। सूर्यविनायक नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा अभियान सुरु भएको छ। शुक्रबार सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापाले सूर्यविनायक-७ गुण्डुलाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी प्रमाणपत्र प्रदान गर्दै पूरै नगरलाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गर्ने अभियान आजदेखि सुरु भएको जानकारी दिनुभयो।

सरकारले तयार पारेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले तय गरेको ५१ सूचक पूरा गरेसँगै नगरपालिकाले यहाँका प्रत्येक वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा अभियान आजदेखि सुरु गरेको नगरप्रमुख थापाले बताउनुभयो। यही साताभित्र नगरपालिकाको १० वटै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा अभियान पूरा गर्ने जनाउँदै उहाँले नगरपालिकाले प्रत्येक वडामा बालसञ्जाल गठन गरी ५१ वटा सूचक पूरा गरेको उल्लेख गर्नुभयो। नगरप्रमुख थापाले सूर्यविनायकका सबै वडा घोषणा सम्पन्न गरी बागमती प्रदेशको अनुगमन एवं निरीक्षण सम्पन्न गरेपछि आगामी भदौभित्र नगरपालिकालाई पनि बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने बताउनुभयो।

नगरपालिकाका सामाजिक विकास समितिका संयोजक एवं वडा नं ७ का वडाध्यक्ष रवीन्द्र सापकोटाले आज वडा नं ७ गुण्डुलाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गरिएको बताउँदै बालबालिकाद्वारा विभिन्न प्रस्तुतिसमेत प्रस्तुत गरेका उल्लेख गर्नुभयो। उक्त शासन अभियान घोषणा गर्नका लागि आवश्यक सूचकहरूमध्ये बालविवाह, बालश्रम, हिंसा पूर्ण रूपमा निषेधित हुनुपर्ने, सबै बालबालिकाको जन्मदर्ता, विद्यालय भर्ना र गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित हुनुपर्ने प्रावधान सबै वडाले पूरा गर्नुपर्ने उहाँले जानकारी दिनुभयो। 'बाल बचाउ' शीर्षकमा पूरा गर्नुपर्ने १४ वटा सूचकमा गर्भवतीले सातपटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने, धनुष्टङ्कार (टिटानस)विरुद्धको खोप र आइरन चक्की खाएको हुनुपर्ने, दक्ष स्वास्थ्यकर्मीबाट सुरक्षित सुत्केरी गराएको हुनुपर्ने, बालबालिकालाई पूर्णखोप लगाएको हुनुपर्नेलगायत रहेका उहाँले जानकारी दिनुभयो। बालबालिको विद्यालय भर्ना हुनुपर्ने, विद्यालय र समुदायमा बालमैत्री तथा लैङ्गिकमैत्री (छात्राका लागि छुट्टै) शौचालय र स्वच्छ खानेपानीको व्यवस्था हुनुपर्ने, टोल, विद्यालय र वडास्तरमा बाल क्लब तथा बाल सञ्जाल गठन भई सक्रिय हुनुपर्ने, स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बाल-बालिकाको अर्थपूर्ण सहभागिता हुनुपर्ने व्यवस्थासमेत सबै वडाले पूरा गरेको उहाँले बताउनुभयो।

बालबालिकाका क्षेत्रमा लक्षित बजेट व्यबस्था हुनुपर्ने, सबै कार्यालय बालमैत्री र अपाङ्गतामैत्री हुनुपर्ने, विपद् व्यवस्थापन योजनामा बालबालिकाको सुरक्षा र आवश्यकतालाई प्राथमिकता दिइएको छ।

## ऊर्जामन्त्री श्रेष्ठद्वारा जलविद्युत् आयोजना र गलेश्वर पहिरो क्षेत्रको निरीक्षण

दमौली। जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले तनहुँको देवघाट गाउँपालिका-५ स्थित ४७.७ मेगावाट क्षमताको कालिका कालीगण्डकी जलविद्युत् आयोजनाको निर्माणस्थलको स्थलगत निरीक्षण गर्नुभएको छ।

मौला कालिका हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा प्रवर्द्धित उक्त आयोजना देवघाट साँढेवगर क्षेत्रमा निर्माणाधीन रहेको छ। निरीक्षणका क्रममा मन्त्री श्रेष्ठले आयोजनाको निर्माण प्रगति, व्यवस्थापन, कार्यान्वयनको अवस्था तथा आगामी कार्ययोजनाबारे आयोजना पक्षबाट जानकारी लिनुभयो। उहाँले आयोजना निर्धारित समयमै सम्पन्न गर्न आवश्यक समन्वय, प्रभावकारी व्यवस्थापन र गुणस्तरीय निर्माणमा जोड दिनुभयो।

यसै क्रममा मन्त्री श्रेष्ठले गलेश्वर पहिरो क्षेत्रको पनि स्थलगत निरीक्षण गर्नुभयो। निरीक्षणका क्रममा पहिरोको वर्तमान अवस्था, सम्भावित जोखिम, भइरहेको नियन्त्रण तथा न्यूनीकरणका कामको प्रगति र थप आवश्यक उपायबारे सरोकारवाला निकायसँग छलफल गरिएको थियो। मन्त्री श्रेष्ठले प्राकृतिक विपद्का जोखिमयुक्त क्षेत्रको नियमित अनुगमन गर्दै जनधनको सुरक्षा सुनिश्चित गर्न आवश्यक पूर्वतयारी, समन्वय र दीर्घकालीन समाधानका उपाय प्रभावकारी रूपमा अघि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिनुभयो।

## किसानलाई करिब तीन करोड अनुदान

काठमाडौँ। सरकारले लोपोन्मुख रैथाने बाली तथा कृषि जैविक विविधताको संरक्षणका लागि करिब रु तीन करोड अनुदान उपलब्ध गराएको छ।

कृषि वन तथा पर्यावरण मन्त्रालय अन्तर्गत कृषि जैविक विविधता संरक्षण केन्द्रले लोप हुने अवस्थामा पुगेका स्थानीय बाली तथा प्रजातिहरूको पहिचान, खेती विस्तार, अनुसन्धान तथा बीउ विकास, स्थानीय हावापानी अनुकूलका बीउ उत्पादन तथा प्रवर्द्धनका लागि स्थानीय तह, कृषि सहकारी र कृषक समूहलाई लक्षित गरी करिब रु तीन करोड सहयोग प्रदान गरेको हो।

रैथाने बालीको संरक्षण गर्ने उद्देश्यले विभिन्न ४० स्थानीय तहमार्फत यस किसिमको आर्थिक सहयोग प्रदान गरिएको केन्द्र प्रमुख केशव देवकोटाले जानकारी दिनुभयो।

कृषि जैविक विविधताको दिगो व्यवस्थापनमा सहभागी सम्बन्धित किसानलाई अनुदान प्रदान गरिएको बताउँदै उहाँले कृषि जैविक विविधताको व्यवस्थापन मा माटोका सुक्ष्मजीव र कृषि प्रणालीसँग सम्बन्धित आनुवंशिक स्रोतहरूको दिगो संरक्षणमा जोड दिइएको जानकारी दिनुभयो।

अनुदान प्राप्त गर्न कृषक समूह, कृषि सहकारी वा निजी फार्म सम्बन्धित निकायमा दर्ता भई नवीकरण भएको हुनुपर्ने व्यवस्था छ। केन्द्रले स्थानीय तहसँग समन्वय गरी कृषि जैविक विविधताको दिगो व्यवस्थापन भए/नभएको अनुगमनसमेत गर्ने गरेको छ। कृषकद्वारा परम्परागत ज्ञान तथा सीपको प्रयोगबाट गरिने उत्पादनले जैविक विविधता संरक्षणमा सहयोग पुग्ने विश्वास गरिएको छ।

किसानसँग खाद्य सुरक्षा, पोषण र जलवायु परिवर्तन अनुकूलनमा ध्यान केन्द्रित गर्न आग्रह गरेको केन्द्रले कृषि जैविक विविधताको व्यवस्थापनका लागि प्राङ्गारिक मल र जैविक विधि अपनाउनुपर्ने सर्त राखेको प्रमुख देवकोटाले जानकारी दिनुभयो। कृषकको हकहित र ज्ञानको संरक्षण गरी रैथाने बीउबिजन जोगाउन यस कार्यक्रममा सहयोग प्राप्त गर्ने किसानले जैविक खेती प्रणालीमा रासायनिक मल/विषादीको प्रयोग गर्न निषेध गरिएको छ।

## वपद् व्यवस्थापन तथा उद्धार सामग्री हस्तान्तरण

काठमाडौँ। मनसुनको समयमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले सशस्त्र प्रहरी बल नेपाललाई विपद् व्यवस्थापनका लागि विभिन्न उद्धार सामग्री हस्तान्तरण गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा शुक्रबार आयोजित एक कार्यक्रमका बीच सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक गणेशबहादुर ठाडा मगरलाई सो कम्पनीका कार्यवाहक सिइओ कबिर फुयाँलले उक्त सामग्री हस्तान्तरण गर्नुभएको हो। हस्तान्तरण गरिएका सामग्रीमा सात रोल डाइनामिक रोप, सात रोल स्टाटिक रोप, ७० वटा लक क्याराबिनर, १४ वटा थ्रो ब्याग र ६० वटा प्याडल्स रहेका छन्।

कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक गणेशबहादुर ठाडा मगरले सहयोगस्वरुप प्राप्त सामग्रीले विपद् उद्धार टोलीको कार्यक्षमता अभिवृद्धि गर्ने र कठिन परिस्थितिमा जनताको ज्यान जोगाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो। सो क्रममा सशस्त्र प्रहरीले एक लाख ६८ विपद स्वयंसेवक तयार पारी विपद् व्यवस्थापनका कार्यबारे चुस्त तयारी गरिएको जानकारी दिएको छ। यस्तै सशस्त्र प्रहरी बलले मनसुनजन्य विपद् प्रतिकार्यका लागि देशका विभिन्न ५४ स्थानमा अस्थायी मनसुन प्रतिकार्य बेस स्थापना गरेको जानकारी गराएको थियो।

कोशी प्रदेशमा छ, मधेसमा ११, बागमतीमा १६, गण्डकीमा चार, लुम्बिनीमा सात, कर्णालीमा दुई र सुदूरपश्चिम प्रदेशमा आठवटा अस्थायी बेस स्थापना गरिएको जनाइएको छ। त्यसैगरी, सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनीका सिइओ कबिर फुयाँलले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सुरक्षा पूर्वतयारी भन्ने नाराका साथ विपद्को समयमा अग्रपङ्क्तिमा खटिने सुरक्षाकर्मीलाई सहयोग पुर्याउनु कम्पनीको उद्देश्य रहेको बताउनुभयो।

## विपद् व्यवस्थापन सम्बन्धी दुई दिने तालिम

काठमाडौँ। जिल्ला समन्वय समिति काठमाडौँले ११ वटै स्थानीय तहका स्वयंसेवकलाई सहभागी गराई विपद् व्यवस्थापनसम्बन्धी दुई दिने तालिम दिएको छ। काठमाडौँका ५५ जना स्वयंसेवकलाई सशस्त्र प्रहरी बल, नेपाल नं २० (विपद् उद्धार गण) सिनामङ्गलका प्रशिक्षकले तालिम दिएका हुन्। तालिम समापन समारोहमा जिल्ला समन्वय समिति, काठमाडौँका प्रमुख सन्तोष बुढाथोकीले विपद् व्यवस्थापनका लागि स्वयंसेवक आवश्यक भएकाले जिल्लाका सबै स्थानीय तहका साथै सरोकार भएका निकायका प्रतिनिधिलाई सहभागी गराइएको बताउनुभयो।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com